Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २६ | अंक: ८२ | वि.सं. २०८३ | असार | २० | शनिवार | नेपाल संवत्: ११४५, | आषाढ कृष्ण चतुर्थी | Saturday | 4 | July | 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### भेरी लिफ्टिङ खानेपानीको भौतिक प्रगति ३० प्रतिशत

# पहिलो प्याकेजका काम धमाधम दोस्रो प्याकेजलाई अघि बढाउने तयारी

"दोस्रो प्याकेजमा वीरेन्द्रनगरका चार स्थानमा निर्माण हुने ट्यांकीबाट पाइप लाइन विस्तार गरेर पत्येक घरधुरीमा पुऱ्याउन संरचनाहरु निर्माण हुनेछन् ।



**ओम शाही**
**सुर्खेत, १९ असार ।**

सुर्खेतको वीरेन्द्रनगर नगरपालिकामा आगामी सन् २०५० सम्म बृद्धि हुनसक्ने जनसंख्यालाई खानेपानीको दीगो पहुँच प्रदान गर्न कार्यान्वयन भइरको भेरी लिफ्डि खानेपानी आयोजना तीव्र गतिमा अघि बढिरहेको छ ।

भेरी नदीको पानी लिफ्ट प्रविधिमार्फत वीरेन्द्रनगर उपत्यकामा ल्याएर पत्येक घरधुरीमा धारा जडान गर्न आयोजनालाई दुई वटा प्याकेजमा विभाजन गरिएको छ । जस मध्ये पहिलो प्याकेजमा भेरी नदीको पानी बोक्ने र भण्डारण गर्ने संरचनाहरु निर्माण भइरहेका छन् ।

दोस्रो प्याकेजमा वीरेन्द्रनगरका चार स्थानमा निर्माण हुने ट्यांकीबाट पाइप लाइन विस्तार गरेर पत्येक घरधुरीमा पुऱ्याउन संरचनाहरु निर्माण हुनेछन् । यो आयोजना संघीयता कार्यान्वयनपछि तीनै तहका सरकारको लागत साझेदारीमा गतवर्षदेखि कार्यान्वयन भइरहेको छ । जसले भेरी नदीको पाँच सय ६० लिटर प्रतिसकेन्ड पानी तानेर वीरेन्द्रनगरवासीलाई दीर्घकालीन स्वच्छ खानेपानीको पहुँचमा पुऱ्याउने लक्ष्य राखेको छ ।

१३ भदौ २०८१ बाट सुरु भएको आयोजना निर्धारित समयमा सपन्न हुने आशाबीच अघि बढिरहेको छ । विश्व बैंकको सहुलियतपूर्ण ऋण अनुदानमा अघि बढिरहेको आयोजना कार्यान्वयनको नेतृत्व वीरेन्द्रनगर नगरपालिकाले गरिरहेको छ ।

जसमा ८० प्रतिशत संघ, १३ प्रतिशत प्रदेश र सात प्रतिशत वीरेन्द्रनगर नगरपालिकाको साझेदारी छ । खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना वीरेन्द्रनगर आयोजना इकाइ कार्यालय सुर्खेतका प्रमुख रविन्द्र रायले हालसम्म आयोजनाले ३० प्रतिशत भौतिक प्रगति हासिल गरेको बताए ।

उनका अनुसार प्याकेज-१ अन्तर्गत लेकबेंसी नगरपालिका- १०, मा पानी प्रशोधन प्लान्ट, वीरेन्द्रनगर-११ को अमृतडाँडामा ३०/३० लाख क्षमताका तीनवटा मुख्य ट्याङ्की निर्माण कार्य जारी छ । त्यस्तै, पानी प्रशोधन प्लान्टबाट मुख्य ट्याङ्कीसम्म पाइपलाइन विस्तार कार्य पनि अघि बढ्ने चरणमा छ ।

बाँकी ३ पेजमा

## वीरेन्द्रनगरको १८ करोड बजेट

वीरेन्द्रनगर नगरपालिकाले भेरी लिफ्टिङ आयोजनाका लागि आगामी आर्थिक वर्ष २०८३/०८४ मा १८ करोड बजेट विनियोजन गरेको छ । उपर्युक्तको खानेपानी समस्यालाई दिगो समाधान गर्न भेरीको पानी लिफ्टिङ आयोजनामा अगाडि बढाउन संघीय सरकार, प्रदेश सरकार र विकास साझेदारहरूसँग सहकार्य गर्न आवश्यक १८ करोड स्थानीय स्रोतबाट म्याचिङ फण्डको व्यवस्था गरिएको नगर प्रमुख ढकालले बताइन ।

उनले हाल नगरपालिकाको खानेपानीको समस्यालाई तत्काल समाधान गर्न डिप बोरिङ, खानेपानी पाइप लाइन विस्तार तथा पुराना आयोजनाहरूको मर्मत सम्भार र विस्तार तथा खानेपानी प्रणाली सुधारको लागि वडास्तरीय कार्यक्रममार्फत बजेट विनियोजन गरेको बताइन ।

भेरी लिफ्टिङ आयोजनाले पूर्णता पाएपछि अहिले खानेपानीको सहज आपूर्तिका लागि निर्माण गरिएका भूमिगत जलस्रोतबाट पानी तान्ने डिप बोरिङ बन्द गर्ने नीति अपनाईने नगर प्रमुख ढकालको भनाई छ ।

त्यस्तै, लागत साझेदारी अन्तर्गगत कर्णाली प्रदेश सरकारले भेरी लिफ्ट र सल्यानको शारदा नगरपालिकाको जर्ख लिफ्टिङ खानेपानी आयोजनाको निर्माण कार्यलाई निरन्तरता दिन ३० करोड बजेट व्यवस्थापन गरेको छ ।

## यसरी बनेको थियो भेरी लिफ्टको अवधारणा

वीरेन्द्रनगरमा खानेपानीको समस्या अहिलेको भने होइन, २०५७ सालमा स्थापना भएको झुप्रा बृहत् हालको सुर्खेत उपत्यका खानेपानी संस्थाले वीरेन्द्रनगरमा खानेपानी आपूर्ति गर्दै आइरहेको छ ।

तत्कालिन सयममा झुप्रा बृहत्को डिजाइनमा २०७१ सम्म बढ्न सक्ने एक लाख चार हजार जनसंख्यालाई आधार मानिएका थियो । २०६० सालमा वीरेन्द्रनगरको कुल जनसंख्या ५४ हजार थियो । झुप्रा बृहत खानेपानी आयोजना निर्माणपछि वीरेन्द्रनगरमा २०६४ सम्म खानेपानीको सहज आपूर्ति हुन्थ्यो । तर, २०६१/२०६२ मा तत्कालीन नेकपा माओवादी र राज्यपक्षबीच चलेको सशस्त्र युद्ध चरम उत्कर्षमा पुगेको थियो ।

सोही समयमा सुरक्षाका कारण वीरेन्द्रनगर बसाइ सर्नेको संख्या ह्वात्तै बढ्यो । जसका कारण २०७१ मा एक लाख चार हजार जनसंख्या पुग्ने आकलन गरिएकोमा चार/पाँच वर्षअघि नै वीरेन्द्रनगरको जनसंख्या दोब्बर भएपछि मागअनुसारको खानेपानी पुऱ्याउन सकस भइरहेको सुर्खेत उपत्यका खानेपानी संस्थाका इन्जिनियर बालाराम तिवारी बताउँछन् । वीरेन्द्रनगरमा खानेपानीको हाहाकारको शृंखला प्रदेश राजधानी भएयता झन् चुलिएको छ ।

२०७२ को संविधान जारी भएपश्चात् सुर्खेतलाई कर्णालीको राजधानी बनाइयो । राजधानीका सम्पूर्ण संरचनाहरू वीरेन्द्रनगरमा स्थापना भए । त्यसपश्चात् वीरेन्द्रनगरको जनसंख्या एक्कासि बढ्यो । झण्डै २० हजार चार सय २९ घरधुरीलाई पुगनपुग पानीको आपूर्ति भइरहेको अवस्थामा यो संख्या बढेर झण्डै ३५ हजार पुगेपछि खानेपानीको आपूर्ति शृंखला भनै बिग्रिएको तिवारी बताउँछन् ।

सुर्खेत उपत्यकामा अहिलेको अवस्थामा तीन सय

बाँकी ३ पेजमा

## हरियाली प्रवर्द्धन गर्न छ लाख बिरुवा वितरण

**युग संवाददाता**
**बाँके, १९ असार ।**

यहाँस्थित डिभिजन वन कार्यालयले जिल्लामा हरियाली प्रवर्द्धन गर्न विभिन्न प्रजातिका छ लाख बिरुवा किसानलाई निःशुल्क वितरण थालेको छ ।

चालु आर्थिक वर्षमा विभिन्न प्रजातिका कुल छ लाख ७८ हजार १७२ बिरुवा उत्पादन गरी वितरण थालिएको उक्त कार्यालयका वरिष्ठ डिभिजनल वन अधिकृत शङ्करप्रसाद गुप्ताले राससलाई जानकारी दिए ।

यो वर्ष एकवर्षीय पाँच लाख ८८ हजार ८७२ र बहुवर्षीय ८९ हजार ३०० बिरुवा उत्पादन गरिएका तथा हिजोदेखि किसानलाई वितरण सुरु गरिएको जानकारी दिँदै उनले सागवान, मसला, बकाइनो, इपिल, गोल्डमोहर, शीतलचिनी, खयर, सिसौ, अम्बा, सेतो शिरीष, सिमल, वीरेन्द्रफूल, छतिवन, एकासिया अधिक हुर्काइएका बताए ।

अमला, छतिवन, जामुन, पारिजात, सतिसाल, कालो शिरीष, कागती, श्रीखण्ड, कनकचम्पा, राजवृक्ष, अम्बा, अर्जुन, वीरेन्द्रफूल, धुपी, रिठा, कपुर, सिमल, कुसुम, निलमफूल र एकासियालगायतका बिरुवा पनि नर्सरीमा हुर्किका छन् । किसानलाई निःशुल्क वितरण थालिएका बिरुवामा काष्ठजन्य, गैरकाष्ठ, फलफूल तथा सजावटका छन् ।

## स्तनपान सम्बन्धि अभिमुखिकरण

**हस्त चौलागाँई**
**कालिकोट, १९ असार ।**

आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण) नियन्त्रण ऐन, २०४८ तथा नियमावली, २०५१ सम्बन्धी सरोकारवाला निकायहरूका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

स्तनपानको महत्व, आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको बिक्री-वितरण सम्बन्धी कानुनी व्यवस्था, ऐन तथा नियमावलीका प्रमुख प्रावधान, शिशु तथा आमाको स्वास्थ्यमा स्तनपानको सकारात्मक प्रभाव लगायतका विषयमा जानकारी प्रदान गरिएको छ ।

सरोकारवाला निकायलाई ऐन र नियमावलीबारे स्पष्ट जानकारी गराई स्तनपान प्रवर्द्धन गर्ने, आमाको दूधको विकल्पका रूपमा प्रयोग हुने वस्तुको अनियन्त्रित प्रचार-प्रसार तथा बिक्री-वितरणलाई नियन्त्रण गर्न सहयोग पुऱ्याउनु अभिमुखीकरणको मुख्य उद्देश्य रहेको छ ।

कार्यक्रममा विभिन्न सरकारी तथा सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। सहभागीहरूले शिशुको स्वास्थ्य संरक्षण तथा सुरक्षित भविष्यका लागि पहिलो रोजाइ आमाको दूध नै हुनुपर्ने विषयमा जोड दिएका थिए । साथै, कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि सबै पक्षबीच समन्वय र सहकार्य आवश्यक रहेको सहभागिको धारणा छ ।

स्वास्थ्य सेवा कार्यालय कालिकोट प्रमुख डा.रत्नबिर सुनारको अध्यक्षता तथा सहायक प्रमुख जिल्ला अधिकारी जनक सर्माको प्रमुख आथित्यता र खाँडाचक्र नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेश राज जोशीको विशेष आथित्यतामा कार्यक्रम भएको हो । कार्यक्रम संचालन सुचना अधिकारी कटक महतले गरेका हुन ।

सभाध्यक्ष डा. रत्नबिर सुनारले शिशुको स्वस्थ वृद्धि र विकासका लागि आमाको दूधभन्दा उत्तम विकल्प अरू कुनै नरहेको बताए । उनले स्तनपान संरक्षण र प्रवर्द्धनका लागि ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयनमा सबै सरोकारवाला निकाय जिम्मेवार बन्नुपर्नेमा जोड दिए ।

प्रमुख अतिथि सहायक प्रमुख जिल्ला अधिकारी जनक शर्माले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको अनियन्त्रित प्रचार-प्रसार तथा बिक्री-वितरण रोक्न सम्बन्धित निकायबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताएका छन् । उनले ऐनले निर्धारण गरेका व्यवस्थाहरूको पूर्ण पालना गर्दै शिशुको अधिकार र स्वास्थ्य संरक्षणमा सबै पक्ष गम्भीर हुनुपर्ने धारणा व्यक्त गरे ।

**सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।**

- सडक, पार्क, विद्यालय, अस्पताल, कार्यालय जस्ता संरचनामा तोडफोड तथा क्षति नपुऱ्याऔं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं,
- सरकारी सामग्रीको हिनामिना तथा दुरुपयोग नगरौं/नगराऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,
- जिम्मेवार नागरिक बनेर सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

**सार्वजनिक सम्पत्ति हामी सबैको सम्पत्ति हो, संरक्षण गर्नु हामी सबैको दायित्व हो ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा

Bhawani Auto Workshop
Birendranagar-Surkhet

९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२

भवानी अटो वर्कसप

वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत

TOYOTA BYD Mahindra FORCE ISUZU FOTON TATA

Servicing | Repair | Denting | Panting | Washing

हाम्रा सेवाहरु

- ✓ गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- ✓ चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- ✓ बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- ✓ डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- ✓ गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- ✓ सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।



युगआह्वान
राष्ट्रिय दैनिक

कथा :

# भोज र भ्रम



✍ विश्वम्भर चञ्चल

विश्वम्भर चञ्चलउनीहरूले भव्य भोजको आयोजना गरे। तर प्रश्न उठ्यो- क-कसलाई मात्र भोजमा आमन्त्रण गर्ने ? कसैले भने, "हामी मांसाहारी हौँ । मांसाहारीहरूलाई मात्र भोजमा आमन्त्रण गरिनुपर्छ।" अरूले भने, "शाकाहारीलाई पनि आमन्त्रण गरिनुपर्छ। उनीहरू पनि हाम्रै दाजु-भाइ र बन्धु-बान्धब हुन् । हामीले आफ्नै दाजु-भाइ र बन्धु-बान्धबलाई छुटाएर यो भोज गर्दा हामीलाई गाल पर्छ। अरूको दृष्टिमा हामी तल पर्छौं ।"

"हो ! हो ! मलाई त लाग्छ विदेशी पाहुनाहरूलाई पनि बोलाएर यो भोज गर्दा झन् जम्ला । भोजको कारणबाट विदेशीहरूले पनि हाम्रो सौहार्द्रता र आत्मीयताको परिचय पाउलान्," कसैले थपे, "अन्तर्राष्ट्रिय जगतमा शुद्ध हाम्रो परिचय र संस्कृतिको ज्ञान बढ्नेछ । हाम्रो फैलिएको बदनामीलाई यस भोजको माध्यमद्वारा हामीले सच्याउने मौका पाउनेछौँ । यस भोजलाई यस्तै अवसरको रूपमा हामीले प्रयोग गर्न सक्नुपर्छ आफ्नो रणनीतिकै लागि भए पनि । हामीले धमिलो पानीमा माछा मार्न जान्नेहरूलाई परास्त गर्न सक्ने वातावरणको सिर्जना गर्न सक्नु नै यस बखतको हाम्रो बुद्धीमानी हो ।"

"हुन्न, हुन्न । विदेशीहरूलाई त यो भोजमा बोलाउनै हुन्न । आफ्नो जातीय समुदायको भोजमा किन बोलाउने हँ हामीले उनीहरूलाई ? के भोज भन्दैमा जसले जसलाई पनि बोलाउने हो र ?" कसैले तर्क निकाले, "फेरि अर्कोतिर, के आफ्नै बेइज्जत गर्नु छ र उनीहरूलाई बोलाएर ? एक त हामी उनीहरूको सम्मान पुर्याउनै सक्दैनौँ र ल भैगो, यदि केही गरी सम्मान पुगिहालेछ भने पनि हामी-हामीमै झगडा र मारकाट नहोला भन्ने के ठेगान ? भोज न हो ! के खाइएला, के नखाइला । खाँदाखाँदै उनीहरूको पनि अनेक माग बढ्ला । यसलाई 'यो न खा' भन्न पनि भएन र उसलाई 'त्यो न खा' भन्न पनि मिलेन । अर्कोतिर, उनीहरूले भने-भनेको कुरा हामीले पुर्याउन सक्ने पनि होइन ।"

"के त्यसो भनेर मात्र विदेशी पाहुनालाई यस भोजमा आमन्त्रण नगरिनु राम्रो होला र ? यस भोजलाई त हामीले प्रीतिभोजको रूपमा मात्र लिएका न हौँ.... !" फेरि अर्कोले अर्कै तर्क निकाल्यो, "हामीले यसलाई प्रीतिभोजको रूप दिन्छौँ र हामी-हामीबीच बिग्रिएको सम्बन्धलाई सुधार गरेर आपसी सद्भाव र शान्ति कायम गर्न खोज्छौँ भने विदेशीलाई आमन्त्रण गरेर के बिग्रने हो र ? हामी अझै पनि फुटिसकेका रहेनछौँ भनेर अन्तर्राष्ट्रिय जगतमा पनि राम्रै सन्देश दिन्छ र होइन र यस भोजको माध्यमले... ? हाम्रो सम्बन्ध सुधार्ने सम्बन्धमा उनीहरूले पनि केही कुराको सल्लाह दिएमा अझ त्यो पनि राम्रो.... !"

"अँ... चाहिँदैन कसैको राम्रो-साम्रो," हातको इशाराले सबैलाई चूप लगाएर हाइकमान्ड बोल्यो, "हामी आफ्नो समस्या आफैँ सुल्झाउन सक्छौँ । हामी आफैँ समर्थवान् छौँ यसमा ।"

कुरो टुङ्गियो- विदेशीलाई नबोलाउने । तर पुनः कुरा कहाँ गएर अड्कियो भने मांसाहारी, शाकाहारी दुवै थरीलाई भोजको परिकार भने एकै प्रकार राख्ने । एउटाले शङ्का निकाल्यो, "त्यसरी एकै परिकार एकै ठाउँमा राख्दा शाकाहारीले खान मान्लान् र ? भोजको निमन्त्रणा पनि गर्ने र फेरि 'खाए खावोस्, नखाए घिचोस्' जस्तो गरी उनीहरूले खानै नमान्ने परिकार खाऊन् भनेर उनीहरूको भागमा पस्कन त मिलेन नि !"

"यो यस्तै हुन्छ भोजमा । यो भोज हो भाइ, भोज," अर्कोले कुरा थप्यो, "भोजमा क-कसले के-के खान्छन् व्यक्तिगत इच्छाको भरमा परिकार त राख्न सकिन्न नि ! हाम्रो बोलाउने काम हो, उनीहरूको आउने काम हो । आउँछन्, जान्छन् । खान्छन्, खाँदैनन् वास्ता राखेर हिँड्न सकिने विषय होइन यो ।"

"ठाउँ त राम्रै चाहिएला," एउटाले भन्यो । अर्कोले थप्यो, "यत्रो भोज गर्नु छ झन्डै अन्तर्राष्ट्रियस्तरको । ठाउँको विशेषता पनि बुझ्नुपर्यो नि हामीले ।"

"हो निश्चय हो !" उपस्थित सबैले समर्थन गरे । त्यसैले ठाउँको निर्णय भयो"लर्ड बुद्धज प्लेस' जहाँबाट वरिपरिका सुन्दर हिमाल तथा पहाडहरूको दृश्य झल्किन्थ्यो । पानीका छहराहरूको छङ... छङ... र नदीहरूको कलकल सुनिन्थ्यो। जङ्गलको शीतलताको अनुभव हुन्थ्यो । हेर्दैमा कति मनमोहक थियो त्यो स्थान ! विदेशी पाहुनाहरू आएका बखतमा शुद्ध संसारको राम्रो ठाउँ भनेर प्रसिध्दि कमाएको ठाउँ थियो त्यो ।

छलफलअनुसारकै ठाउँ र समय मिलाएर निमन्त्रणा कार्ड छापियो, बाँडियो । आयोजनास्थलमा भव्य पाल हालियो । भित्र र बाहिर सिँगारपटार गरियो । ध्वजापताका सजाइए । बत्ती झकिझकाउ बालियो । मानिसअनुसार बस्ने ठाउँ र स्वागतार्थ खटिनेहरूको सूची तयार पारियो । उपयुक्त दिन र समयमा कुन पहाड, कुन जङ्गल, कुन मैदान, कुन शहर जतातततैबाट पाहुनाहरूको हूल ओइरिन थाल्यो । सबका अनुहारमा खुशीका रेखाहरू कोरिए । सबको सबमा भेटघाट हुने अवसर थियो त्यो । धेरै कालदेखि छुटेका आफ्ना बाबु-छोरा, आमा-छोरा, लोग्ने-स्वास्नी, दाजु- भाइ र इष्ट-मित्र तथा बन्धु-बान्धवहरूको पुनर्मिलनको संयोग पनि भयो । कसैले गला मिलाए । कसैले गालामा गाला जोडे । कसैले हात मिलाए । कसैले छाती जुधाए । कसैले अँगालो मारे त अझ कसैले कसैलाई बोकेर काधँ-काँधमै हालेर घुमाए पनि । एकले अर्कोलाई शहरभरि अबीर हालेर रातम्मे पारिदिए मानौँ त्यो घडी नै मांसाहारीहरूका लागि एउटा विजयको घडी थियो । सबैतिर स्वागतको ताली बज्यो । हाहाहूहूको रमाइलोको वातावरणको श्रृष्टि भयो ।

"वा ! क्या रमाइलो हुने भयो अब !" मानिसहरूले अन्दाज काटे, "धेरैमा यस्तो खुशीको खबर आयो हाम्रो बीचमा ।"

"अब सधैँभरिका लागि यस्तै खुशीका दिन आए त हुने हो... !" मानिसहरूमा आशा पल्हायो । अझ कसैले त आँखाबाट आँशुका भेल बगाउँदै यो पनि पुकारा गरे कि "हे भगवान् ! अब हाम्रा छोरा-छोरीको कुबुद्धीको अन्त्य होओस् र सदाचार र सद्ज्ञान पलाओस् यिनीहरूमा ! आजसम्मका आफ्ना सबै नराम्रा कार्यहरूलाई छोडेर शान्तिसँग आफू-आफू मिलेर बसून् सधैँ-सँधैँभरि... ।"

अब त्यहाँ शुरु भयो खानपिन र हँसी-मजाकको वातावरण । यसै बखत कसैले भनेको सुनियो, "खोइ शाकाहारी समूह त अहिलेसम्म आएनन् नि कोही पनि ? किन नआएका होलान् ती ?"

"आउँदै होलान् नि सबै एकै चोटि मिलेर," कसैले व्यङ्ग मारे, "हामी त मांसाहारी न पर्यौँ ! सके डराए कि हामी उनीहरूलाई पनि खाइदिन्छौँ कि भनेर...।" एउटा ठूलो हाँसोको लहर चल्यो त्यहाँ । कसैले सुनाए, "उनीहरू पशु त होइनन् नि हामी उनीहरूलाई नै मारेर र काटेर खाइहाल्ने !"यसैबीच समूहको बीचबाट कुनै एकले औँल्याउँदै करायो, "उः आए ! आए ! एउटा ठूलै हूल आएजस्तो छ- मानव हूल, नागरिक हूल, शान्ति हूल, विकास हूल, धर्म र सम्प्रदाय हूल आदि के-के नाम गरेका हूल हुन् के-के ।"

"ए हेर ! हेर !" फेरि अर्कोले आश्चर्य प्रकट गर्यो, "उनीहरूको साथमा त एक हूल पशुहरू पनि ल्याएका जस्ता छन् नि !"

"हो ! हो ! पशुहरू नै हुन् भाइ !" अरूहरूले पनि यकिन जनाए । आखिर शाकाहारीका ती सबै खाले हूलहरूसँगै पशुहरूको हूल पनि आइपुग्यो । जब ती आइपुगे मांसाहारी र शाकाहारीहरूको हूल आ-आफ्नो हिसाबले भेटघाट र आपसी भलाकुसारीमा समय बिताउन लागे । साथमा आएका पशुहरूचाहिँ पुच्छर हल्लाउँदै कान ठाडा पार्दै 'ब्याँब्या' र 'म्याँम्याँ' गर्दै यताउति लरखरिए । विभिन्न खाले पशुहरू थिए ती- खसी, बोका, च्याङ्ग्रा, भेडा, बरुवाल, राँगो, भैँसी सब किसिमका... । भोजका आयोजकहरूले सोधे, "होइन के गरेको यो ? के गाईजात्रा देखाएको यहाँ ? । यी पशुहरू किन यहाँ ? अब हाम्रो भोजको रस-रङ्ग नै बिग्रिने भयो यिनीहरूले गर्दा ।"

"होइन, यी पशुहरूमाथि ज्यादै अन्याय भयो । यिनीहरूले ठूलो कष्ट र पीडा भोग्नुपर्यो हाम्रै कारणले । भन्छन्– उनीहरूको पनि जनताजस्तै भएर, नागरिकजस्तै भएर र मानिसजस्तै भएर बाँच्ने अधिकार छ । उनीहरूले पनि आ-आफ्नो मिहेनत र भाग्यअनुसारको गरी खाएर सुखपूर्वक बस्न पाउनुपर्छ । भन्छन्– यिनीहरूले के बिराए र यिनीहरूमाथि यो अन्याय र अत्याचार हुँदै छ ? यसैले अघिपछि यिनीहरूले तपाईंहरूलाई भेटेर आफ्ना मनका बह पोख्न नपाउने भएकाले हाम्रो मदत मागेर आज यस भोजमा उपस्थित भएका हुन् । यिनीहरू न यहाँ खान आएका हुन्, न त त्यति ठूलो कुरा माग्न नै ? यी त आ-आफ्ना साधारण जीवन बिताउन चाहन्छन् । आ-आफ्ना अधिकार चाहन्छन् । खास त भनुँ भने यिनीहरू शान्ति चाहन्छन् आफ्नै देशका अरू जनता, नागरिक वा मानिसहरूसरह भएर बाँच्न चाहन्छन् । यिनीहरू पनि आ-आफ्नै भाषाले बोल्न, बुझ्न र सम्झिन चाहन्छन् । सचेत छन् यिनीहरू हरेका कुरामा र आफ्ना मनका चाहना, इच्छा र आकाङ्क्षाहरूलाई व्यक्त गर्न पनि सक्छन् । पूरा नभए त्यसको विरोध गर्न पनि जान्दछन्... ।"

हूलको बीचबाट कसैले अट्टहास गरी हाँस्यो । सबैले ऊतिर हेरे । एउटाले इशारा गर्यो, "किन हाँस्यौ यसरी ?" भन्यो त्यही हाँस्नेले शाकाहारीतिर देखाएर, "उनीहरूका कुरा सुनेर... ।"

"के कुरा सुनेर हाँस्नु भो तपाईं यस्तरी ?" शाकाहारीमध्ये फेरि कसैले प्रश्न राख्यो । जवाफ दियो उसले, "पशुहरूले पनि विरोध गर्ने कुरा सुनेर... जब कि हाम्रो यस राजमा हाम्रो आदेशबिना मानिसले त केही बोल्न र गर्न नै आँट गर्न सक्दैन भने पशुहरूले विरोध गर्ने रे..., हा....हा....हा....हा...।"

यसरी उसले अट्टहास गरेको देखेर उसका समूहका अरू-अरूले पनि त्यसै गरी अट्टहास भरे मानौँ सिनमाका 'भिलेन' समूहको हाँसोजस्तै गरी धेरैबेरसम्म गुञ्जिरह्यो त्यस दुष्ट हाँसोको लहर त्यस भोजको पालभित्र ।

यस प्रकारको उनीहरूको दुष्ट हाँसोलाई खप्न नसकेर शाकाहारीमध्ये एउटाले बोल्यो, "नहाँस्नोस्, बुझ्नुभो यसरी ? आज पशु-पंक्षीको रक्षाको लागि त विश्वमा अभियान नै चलिसकेको छ भने यिनीहरू त यस देशका बासिन्दा हुन्- पशु- बासिन्दा । यिनीहरूको बोलीचाली र बानी-व्यवहार सबै पशुहरूको जस्तै भए पनि अनुहार त हामी मानिसको जस्तै छ नि, हेर्नुहोस् त ! फेरि हामी सबैको एउटै मालिक पशुपतिनाथ पनि त छन् नि यस पशुपतिलोकमा सबैको रक्षा गर्न बसेका । यहाँ जति तपाईं-हामी मान्छे भन्ने जातिलाई बाँच्ने अधिकार छ यिनीहरूलाई पनि त्यत्ति नै अधिकार छ । तपाईं हामीले जे-जति सुख-सुविधा भोग गरिरहेका छौँ, उनीहरूलाई पनि हामीले त्यो सुख-सुविधा प्रदान गर्न सक्नुपर्छ । यिनीहरूको भर हामीलाई, हाम्रो भर यिनीहरूलाई...," उसले इतिहास बतायो, "पहिले-पहिले यिनीहरू पनि तपाईं-हामीजस्तै मानिस थिए । यिनका पूर्खा पनि यसै देशमा जन्मेका जन्मजात नागरिक थिए । हाम्रो जस्तै अधिकारको भोग गर्थे यही पुण्ड्य भूमिमा । रहँदा-बस्दा समयले कोल्टे फेर्यो । समय परिवर्तन हुँदै गयो र प्रकृति पनि बदलियो । वानरबाट हामी मानिसमा परिणित भएजस्तै उल्टो यिनीहरूका पिता-पुर्खा मानिसै भए तापनि यिनीहरूचाहिँ मानिसबाट पशु बने । तपाईं-हामीले नै यिनीहरूलाई पशु बनायौँ । यिनीहरूको मानिस भएर बाँच्ने हक र अधिकार छिनिदियौँ र पशुको रूपमा व्यवहार गर्न थाल्यौँ । अझ तपाईंहरूले त तपाईंहरूसँग भएको हतियारको भरले, शक्तिका उन्मादले र जङ्गली कानूनका बलले यिनीहरूलाई पशुलाई नै जस्तो गरी बलि चढाएर यिनीहरूको नृशंश हत्या गरिदिनुभयो । तपाईंहरूको शक्तिको अगाडि यिनीहरूको केही लागेन । यिनीहरूको पक्षमा बोलिदिने कोही भएनन् । बोल्नेहरूको पनि जिब्रो चुँडिदिनुभयो । सुन्नेहरूको कान खोसिदिनुभयो । अनि बाँकी यिनीहरूको बोली र व्यवहार पनि अलि-अलि गर्दै पशुत्वमा बदलियो । यिनीहरूको मानिस मानिस जस्तो बनेर, नागरिक नागरिक जस्तो भएर र जनता जनता जस्तो ठानेर बाँच्ने अस्तित्व नै खतम गरिदिनुभयो, धूलोमा मिलाइदिनुभयो, माटोमा मिसाइदिनुभयो । त्यसैले सम्झ्यौँ हामीले पनि कि आफ्नै दाजु-भाइको घरको भोज हो यो भने यिनीहरूलाई लैजाँदैमा र यिनीहरूका बारे र यिनीहरूका दुःख, दर्द र पीडाका कुरा सुनाउँदैमा के बिग्रेला र ? त्यसैले ल्यायौँ यहाँ हाम्रो भोजमा र सबै दाजु-भाइ भएको समय पारेर कुरा मिलेछ भने पनि मिलिहालेछ र यदि मिलेनछ भने नै पनि पछि हामीले खाइसकेपछि जे-जति बाँकी रहन्छ, यिनीहरूलाई खान दिउँला, भैहाल्छ नि भनेर मात्र यिनीहरूलाई यहाँ लेराएका हौँ... ।"

"यिनीहरूले यहाँ केही बिगार गरिदिए भने को जिम्मा हुने नि ?" मान्छेकै विश्वास नहुने ठाउँमा पशुहरूको के विश्वास ?" कसैले शङ्का प्रकट गरे । भने, "भै गो ल्याइहाल्नुभयो । थुनिदिउँ अहिले यता कतै कसैका गोठमा र भोज सिध्दिएपछि फालेको बाँकीबक्यौता खुवाएर तपाईंहरूकै साथमा पठाइदिउँला ।"

"ठीक छ ल !" शाकाहारीहरूले मञ्जुरी जनाए, "अहिलेलाई यिनहिरूलाई खोरमा थुनि नै दिउँ । तर यिनीहरूका बारे छिनोफनोचाहिँ आजैको भोजमा हुनुपर्छ ।"

"हुन्छ, हुन्छ भोज त सिद्ध्याउँ पहिले । अनि यिनीहरूको बारे पनि छिनोफानो हुँदै गर्ला," मांसाहारीपट्टिको हाइकमान्डले कुरा टुङ्ग्यायो ।

भोज चल्दै गयो, खानेकुरा सिद्धिँदै गयो । तर पाहुना भने कम हुन छोडेनन् । टाढा-टाढाबाट पनि मांसाहारीहरूको समूहको लर्कन लाग्यो । आयोजकहरूलाई फसाद पर्यो अब के गरेर भोजको इज्जत थाम्ने ? एउटाले प्रस्ताव राख्यो, "अब थालौँ खोरमा थुनेका यिनै पशुलाई बजाउन र कम्तिमा मासुको त भाग पुर्यायौँ !"

"हो ! हो ! अरूले मञ्जुरी जनाए । तर शाकाहारीहरूले भने त्यसको विरोध गरे । भने, "हुँदैन, शरणमा आएकालाई मरण गर्नु हुँदैन । मानव धर्मले यो कुरा गर्न दिँदैन र अन्तर्राष्ट्रिय कानून तथा मानव अधिकारको व्याख्याले पनि यो कुरा छुट छैन ।" "कहाँ छ तिम्रो मानवधर्म ? कहाँबाट आयो यो मानव अधिकारको कुरा ? कुन कानूनको नाम हो तिम्रो अन्तर्राष्ट्रिय कानून ?" मांसाहारीका तर्फबाट एउटा कड्कियो, "हाम्रो धर्म त यही हो जसरी होस् आफ्नो पेट भर्नु चाहे कसैलाई मारेर होस् कि अरू कुनै उपायले होस् ! तिमीलाई थाहा छैन क्गचखष्खर्बा या तजभँष्ततभकत को सिद्धान्त ? अनि यो सिद्धान्त लागू गर्नु पर्दा साम, दाम, दण्ड, भेद जुन नीतिको अनुशरण गर्नुपर्छ, हामी त्यसैको अनुशरण गर्छौं ।"

"तर यी त हाम्रो भरमा यहाँ आएका हुन् । हामीलाई सारै नराम्रो पर्छ यिनीहरूलाई मारी खाँदा मानौँ यिनीहरूले नै सम्झिने छन् कि हामीले नै यिनीहरूलाई यहाँ लेराएर फसाइदियौँ । हामी यस प्रकारको विश्वासघातको जघन्य अपराधमा फस्न चाहँदैनौँ," शाकाहारीद्वारा झिनो आवाज निकालियो तर त्यसै बखत त्यहाँ विभिन्न प्रकारका विदेशी पेय पदार्थहरू सबैका हात-हातमा आइपुगे । शाकाहारी भन्नेहरू एउटाले अर्कोको अनुहार ताक्दै निकैबेर अन्कनाए । मांसाहारीहरूले भने, "यो त शाकाहारीहरूमा पनि चल्छ नि, होइन र ! सबै फलफूलकै रसबाट बनेको हो नि त यो ! विदेशी फलफूल... ! यसमा माछा-मासुको गन्ध नै कतै केही हुँदैन । शुद्ध शाकाहारी सर्वत मानिन्छ यसलाई । लिऊँ, लिऊ, हुन्छ ।"

मांसाहारीका तर्फबाट यो कुरा सुनिसकेपछि शाकाहारीमध्येको मानव हूल प्रमुखले एक पटक घुटुक्क थुक निल्यो र खिस्स हाँसेर सुनायो, "त्यो त हो ! शाकाहारीहरूले पनि यो त लिन्छन् नै ! यो त हामीलाई पनि थाहा छ कि सबै असली फलफूबाटै बनेका हुन.... ।"

"लौ त बेर केको लागि त अब, 'चियर्स' गरौँ ?" शाकाहारीमध्यैकै अर्को लोभी नागरिक प्रमुख बोल्यो ।

हो..., हो..., ल चियर्स... !" शान्ति प्रमुखले पनि साथ दियो । त्यसपछि त के चाहियो ? कुन मांसाहारी, कुन शाकाहारी ? एउटाले अर्कोको हातमा गिलास थमाइदिँदै एकआपसमको गिलास बजाराबजार गर्न थालिहाले र अब त्यहाँ एकै पटक निकै ठूलो र एकसाथको आवाज आयो, 'चियर्स...।'

उसै त भोजमा अपुगको अवस्था त्यसमाथि विदेशी रक्सीको प्रभाव ! धमाधम ती पशुहरूलाई थुनेको ठाउँबाट घिसार्दै निकालियो र एक-एक गरेर बीभत्स रूपले र बिभिन्न तरीकाले उनीहरूको हत्या गर्न थालियो । कसैको घाँटी रेटियो । कसैको गर्धन छिनालियो । कसैका खुट्टा भाँचिए । पुच्छर निमोठिए, गुदद्वार च्यातिए, छाला काढिए । कसैको आँखा फुटालिए । कसैको कान लुछिए । कसैलाई गोली नै ठोकियो भने कसैलाई भुत्ते बन्चरोले छिया-छिया पार्दा पनि मर्नै नसकेर त्यसै आगोमा फालिए । यस्तो लाग्थ्यो- हामीले गरुडपुराणमा सुनेको यमराजका दूतहरूले पापीलाई दिएको सजायभन्दा कम दुःख भोग्नुपरेन ती मानिसरूपी पशुहरूले । 'ब्याँब्याँ' र 'बुँबुँ, ' 'म्याँम्या' र 'मुमु' को घनघोर चित्कार सुनियो उनीहरूको । माँसाहारी भन्दै थिए-"ए ! तैले हाम्रो बारीको अन्न खाइदिएको होइनस् ? लौ खा फेरि खान्छस् कि.... ? ए ! तैँले हाम्रो छोरा-छोरीलाई हानिदिएको होइनस् ? लौ फेरि हान्छस् कि.... ? ए ! तैँले हाम्रो घरअगाडिको बारीमा आएर हगिदिएको होइनस् ? लौ फेरि हग्छस् कि... ? ए ! तैँलै मेरो घरतिर हेरेर कराएको होइनस् ? लौ अब मुख आँ... बाउन सक्छस् कि... ? आदि इत्यादि क-कसले क-कसलाई के-के दोष दिनुपर्ने हो दिँदै थिए उनीहरू ती बिचरा पशुहरूलाई । हुँदा-हुँदा त यतिसम्मको दृश्य त्यहाँ देखिन थाल्यो कि मांसाहारी-मांसाहारीबीच नै लुछाचुँडी हुन थाल्यो यो हाम्रो शिकार र यो तिमीहरूको शिकार भनेर । कान पोलेर खानेले कान समाते । जिब्रो मीठो लाग्नेले जिब्रो चुँडाले । गिदी खानेले गिदी निकाले । फोक्सो खानेले फोक्सो च्यातेर लिए । मुटु चुडाँल्नेले मुटु चुँडाले । सूप मीठो लाग्नेले खुट्टाको नलीखुट्टा च्यापे । कसैले छातीका त कसैले फिलाका साँप्रा हात पारे । मांसाहारीपट्टिका दुईटै समूह मात्तिएका थिए प्रशस्त मादक पदार्थको सेवनले । एकपछि अर्को बोतल रित्तिदै थियो । भर्खरका कलिला र स्कूले केटाकेटीहरूले सेवा पुर्याइरहेका थिए उनीहरूलाई । बेला-बेलामा अश्लील शब्द र व्यवहार पनि देखाउँथे उनीहरू ती केटीहरूमाथि सबैका सामुन्ने र छिप्पिएको बोका कराएको झैँ कराउँथे वा असनको साँढे डुक्रिएझैँ डुक्रिन्थे पनि । आँखै देखेका थिएनन् उनीहरूले । जसलाई जति खाए पनि नपुग्ने र काँचै र जस्तो पनि खान तम्सिएका थिए उनीहरू ती पशुहरूलाई कुनै पनि रूपमा । केवल पाए पुग्यो मासुको चोक्टा । अब त त्यहाँ हुन पो के थाल्यो भने मांसाहारी-मांसाहारीबीचमै पहिलेदेखिको चलेको लुछाचुँडीमा यस बखत आएर एउटा समूहले अर्को समूहलाई सिद्ध्याउन पो सुर कस्यो आ-आफ्नो पहिलेदेखिको भित्री रिस-इबी साध्न । एउटाले डाँडाबाट हानेको जस्तो गर्थ्यो भने अर्कोले मैदानबाट । एउटाले जङ्गलबाट हानेको भान पार्थ्यो भने अर्कोले शहरबाट । ती शाकाहारी हूल जे-जति थिए त्यहाँ शुरुमा त दुवै पक्षलाई सम्झाउने-बुझाउने प्रयत्न गर्दै थिए । भन्थे- छोडिदेऊ दुवै थरीले यी पशुहरूलाई ताकि यिनीहरू पनि अब आ-आफ्नो जीउ जिउन सकून् । जति गए, गइहाले, भैगो । अब भो आफू-आफूमै यो युद्ध नगर यिनीहरूकै लागि ।" तापनि उनीहरू अब धेरै बोल्ने र विरोध गर्ने पक्षमा थिएनन् । विदेशी मादक पदार्थले लठ्ठिसकेका थिए उनीहरू पनि र स्वयं नै पनि त्यहाँ अडिन सक्ने अवस्था थिएन उनीहरूको पनि । अर्कोतिर, हतियारधारीहरूका अगाडि उनीहरू निःशस्त्र पनि थिए । ठाने- यस संसारमा जीत त्यसैको हुन्छ जसको हातमा हतियार हुन्छ । हतियारले न्याय, अन्याय, र आदर्श र बेइमानीको मुख हेर्दैन । अब त 'विचार' र ' आदर्श' भन्ने शब्द यस संसारमा कमजोर व्यक्तिको लागि मात्र हो.... ।

यी सबै क्रियाकलाप त्यस भोजमा हुँदै थियो कि अकस्मात् पृष्ठभूमिबाट उनीहरूको आ-आफ्नै समूहले मात्र सुन्ने गरेर आवाज आयो । त्यस आवजले भन्यो- "भो, अब अहिलेलाई सबैले यो नाटक बन्द गर । केवल काम मात्र तिमीहरूको यो हो कि 'साँच्चिकै यो नाटक थिएन' भनेर सबैलाई भ्रम पार्न र देखाउन सक... । अहिलेलाई यसैमा तिमीहरूको सफलता छ... ।"

## विश्व

### सुडानको एल-ओबिडमा संयुक्त राष्ट्र सङ्घद्वारा 'रेड अलर्ट' जारी

जेनेभा, १९ असार ।

संयुक्त राष्ट्रसङ्घका मानव अधिकार प्रमुख भोल्कर टर्कले सुडानको एल-ओबिड सहरमा फैलिरहेको "विनाश" प्रकोपका कारण शुक्रबार "रेड अलर्ट" जारी गरेका छन् ।

संयुक्त राष्ट्रसङ्घ मानव अधिकार परिषद्को बहसलाई सम्बोधन गर्दै टर्कले विश्वका नेताहरूलाई सहरमा हुने अत्याचार रोक्न सहयोग गर्न आग्रह गरेका छन् ।

एल-ओबिदबाट आएका सङ्केतहरूको आधारमा स्पष्ट रुपमा सुडानमा अर्को मानव अधिकारको प्रकोप भइरहेको पुष्टि भएको उनले बताएका छन् ।

सुडानी सशस्त्र बल र र्यापिड सपोर्ट फोर्सले सहर वरपरका क्षेत्रहरूमा नियन्त्रणको लागि लडाइँ गर्दा नागरिकहरू १८ महिना देखि घेराबन्दीको अवस्थाको सिकार भएको जनाइएको छ ।

प्रभावित राष्ट्रहरूको समूहको तर्फबाट बेलायतको अनुरोध पछि संयुक्त राष्ट्रसङ्घको शीर्ष निकायले एल-ओबिड वरपरको मानव अधिकारको अवस्था बारे एउटा दुर्लभ बहस गरिरहेको थियो । सन् २०२३ को अप्रिलमा सुडानमा सेना र अर्ध-सैनिक द्रुत समर्थन बल (आरएसएफ) बीच सुरु भएको थियो ।

कोर्डोफान-तेल भण्डार र आरएसएफको सबैभन्दा शक्तिशाली अर्धसैनिक सहयोगीहरूको प्रमुख युद्धभूमि बनेको जनाइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष**: पछिका लागि राम्रो सम्भावना देखिए पनि तत्काल सोचेको लाभ नहुन सक्छ । आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने चेष्टा गर्लान् ।

**वृष**: काम थाल्ने र पछिका लागि सम्भावना खोजी गर्ने समय छ । आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ ।

**मिथुन**: सबैलाई समेटेर काम लिन नसक्दा पछि परिनेछ । समयको तालमेल नमिल्दा योजना अधुरै रहनेछ । ईर्ष्या गर्नेहरू सक्रिय रहनेछन् ।

**कर्कट**: प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ । भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ । अतिथिका रूपमा सत्कार पाइनेछ ।

**सिंह**: चुनौतीपूर्ण कामको दायित्व लिनाले अलि दुःख पाइनेछ । सम्भावना देखिए पनि न्यून उपलब्धिमै चित्त बुझाउनुपर्ला ।

**कन्या**: प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । फाइदाको स्रोत पहिल्याउन सकिनेछ ।

**तुला**: काममा धेरै लाभ उठाउन नसकिए पनि समस्या सुल्झनेछन् । पहिलेका कमजोरी सुधार गर्ने अवसर प्राप्त हुनेछ ।

**वृश्चिक**: बेलैमा होस नपुर्याउँदा केही चुनौती झेल्नुपर्ला । समयको प्रतिकूलताले काम बिग्रन सक्छ । परिश्रम परे पनि कम प्रतिफल प्राप्त हुनेछ ।

**धनु**: कुनै अवसर आए पनि विरोध हुनाले काममा बाधा पर्न सक्छ । आफ्नै वचनबद्धता पालना गर्न नसक्ने स्थिति रहनेछ । अरूका काममा समय बित्न सक्छ ।

**मकर**: अवसर प्राप्त भए पनि भेटघाट र शिष्टाचारले अलमल्याउन सक्छ । सम्बन्ध सुमधुर बनाइराख्न व्यवहारमा सजग रहनुपर्ला ।

**कुम्भ**: खर्चको जोहो गर्न आफन्त र परिवारबाट टाढिनुपर्ला । केही पाउन केही वस्तु त्याग्नुपर्ला । यात्रा तथा भ्रमणका लागि प्रयत्न गर्ने समय छ ।

**मीन**: नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन् । नोकरी तथा व्यवसायमा फाइदा हुनेछ । आवश्यक भौतिक साधन जुट्नाले नयाँ काम थालनी हुनेछ ।

कथा :

# टंक दाइको पुरुषार्थ



पुष्पा उपाध्याय

माघको महिना भए पनि घामको राम्रै कृपा परेको थियो । म भने आफ्नै कोठामा थिएँ । किताबमा एकटकले हेर्दा हेर्दै कुन बेला झपक्क भएको रैछु पत्तै पाइनँ । राति निदाएको भए पनि सुहाउँथ्यो, तर मलाई दिउँसै भाते निन्द्राले छोपेको रैछ । बाहिर कसैको गुनगुन गरेको आवाजले पो झसंग भएँ । ओहो ! अझै पढ्नुपर्ने धेरै बाँकी छ । यसरी हुन्न भनेर एक झापड आफैँले आफ्नो गालामा हानेँ । पानी खाएँ । भोलीको परीक्षा, यता मेरो भने सिलेबस हेरेर समेत सकिएको थिएन । फेरि आखा तानेर प्रोफेसरबाट प्राप्त नोट हेर्न थालेँ । एकैछिनमा बाहिर कोही रिसमा कराएको आवाज आयो । आवाज उही थियो तर पहिले भन्दा चर्को अनि आवेग मिश्रित सुनिन्थ्यो । नपढ्नेको ध्यान सियो खस्दा नि भंग हुन्छ भन्छन् । झन् त्यत्रो स्वर सुनेपछि म के पढिरहन सक्थेँ र ! जुरूक्क उठेँ अनि ढोकाको चुक्कुल खोलेर बाहिर कुलियामा निस्किएको मात्र के थिएँ मीरा दिदी मलाई देखेर केही संयमित भइन् तर झर्किन भने छाडिनन् ।

म बस्ने कोठाको छेवैको कोठामा मीरा दिदी उनका श्रीमान् टंक दाइ अनि ८ वर्षे छोरी रूबी डेरा गरेर बस्छन् । सानो अनि सुखी परिवार । तराईबाट मज्दुरी गर्न उपत्यका छिरेका । श्रीमान्–श्रीमती दुईजना नै घरभवन बनाउने ठाउँ इट्टा सिमेन्ट बोक्ने काम गर्छन् । बिहानै ५ बजे उठेर भात तरकारी बसाल्छिन् मीरा दिदी । टंक दाइ भने छोरीसित गफ गर्छन्, छोरीलाई किताब खोलेर बस्न लगाउँछन् अनि छोरीले पढेको आनन्द मानेर हेरिरहन्छन् । छोरीले पढ्दा शायद उनी आफ्नो पसिनाको सदुपयोग भएको पाउँछन् । छोरीले आफूलाई स्कुलका कुरा सुनाउँदा उनलाई आफ्नो विश्वासले अझ विश्वास जितेको भान हुन्छ । टंक दाइ चाहन्छन्, रुबीले परिवारको मात्र होइन सम्पूर्ण समुदायका लागि केही गरोस् अनि केही गरोस् देशका लागि ।

मीरा दिदी, छोरीले आफूलाई नसघाएको भन्दै बेला बेला श्रीमान्सँग गुनासो पनि गर्छिन् । मीरा दिदीले "महीन रिस नालगाऊ का" भनेर आँखा तरेपछि टंक दाइ खाटबाट उठ्छन् । श्रीमतीलाई सघाउन थाल्छन् । आखिर खानासँगै अर्नी पनि त तयार गर्नुपर्छ काममा जानुअघि । आफूलाई त उही भात तरकारी बढाएर अर्नी हाल्छन् तर छोरीलाई भने छोरीकै रोजाईमा कहिले भात भुटिदिने, कहिले परौठा बनाइदिने त कहिले भुजा दालमोठ एउटा प्लाष्टिकमा हालेर राखिदिने गर्छन् । मानिस सबैभन्दा बढी निःस्वार्थ आफ्नो सन्तानका लागि त हुन्छ । समाजले बहिष्कार गरेको मान्छे पनि आफ्नो सन्तानका लागि हिरो हुन्छ । सन्तानको सबै रहर पूरा गरिदिने जादूगर हुन्छ । पहिलो डाक्टर हुन्छ ।

रूबीको भने पढाइमा त्यति धेरै रुचि छैन । उसलाई गणितको हिसाबभन्दा बाबामम्मी बेलुका घर फर्किने समयको हिसाब गर्न रमाइलो लाग्छ । उसलाई नेपाली विषयभन्दा बढी आफ्नो मातृभाषामा बोल्न अनि गीत गाउन औधी रमाइलो लाग्छ । सामाजिक विषय त उसलाई कहिल्यै मन परेन तर डेरा वरिपरि आफ्नो उमेरका साथीसित घुलमिल हुन, मिलेर खेल्न उसलाई खुबै आउँछ । स्कुल जान, गृहकार्य गर्न, पढ्न, एक एक अक्षर याद गर्न उसलाई कहिल्यै मन परेन । रूबीकी आमालाई भने आफूले नपढेर दुःख पाएकोमा कुनै सन्देह छैन । उनी चाहन्छिन् रुबी खुब पढोस् । यति पढोस् कि बाबुआमा दुवैको सपना ऊ एक्लैले पूरा गरोस् । उनी चाहन्छिन्, छोरी पढेर कुर्सीमा बसेर काम गर्न सक्षम होस् । शायद कहिल्यै विद्यालय नटेकेका बाबुआमालाई लाग्दो हो, पढाइको सम्बन्ध कुर्सीसित मात्र हुन्छ । आखिर त्यही कुर्सी हो जसले मान सम्मान बढाउँछ । चिसो जमीनमा बसेर तान बुन्ने मजदुर, बिना अपराध पनि बहिष्कार भएका छन् यो समाजबाट । अनि भ्रष्टाचारमा टेकेर उभिएको मानिसलाई त्यही कुर्सी पद हो, जसले इज्जत दिने गरेको छ समाजमा ।

टंक दाइ भने छोरीलाई स्नेह बढी प्रेसर कम दिन्छन् । मीरा दिदीले पिट्दा रुबी बाबाको ढाड पछाडि लुक्छे । आमाको डर हुँदा त बाबाको ढाडले आड दिन्छ तर बाबाको रक्सीको मातको डर, बेल्टको डर, फोहोरी शब्दको डरबाट यतिका युगसम्म आमाहरूले आफ्नो सास र सन्तानलाई कसरी बचाउँदै आए होलान् ! मीरा दिदीले हात उठाउँलाझैँ गर्दा टंक दाइले रोक्छन्, र रुबीलाई काखमा राखेर सम्झाउँछन् हरेक पटक ।

कामबाट फर्कँदा कहिल्यै खाली हात आउँदैनन टंक दाइ । छोरीका लागि केही न केही खानेकुरा लिएरै आउँछन् । टंक दाइका आँखाले छोरी देख्छन् । मीरा दिदीले भने देख्छिन् लथालिंग परेको बिस्तारा, यस्सै फोहोर भएका भाँडाहरू, बिस्तारैमा फ्याँकिएको स्कुल ड्रेस । साँच्ची, आमाले किन नकारात्मक धेरै देखेको ? वास्तवमा तिनले नकारात्मक देखेका होइनन् । आमाहरूले सदियौंदेखि आफ्नो टाउकोमा खन्याएको घरधन्दा बढेको देखेका हुन् जुन उनको एकल दायित्व हो ।

मीरा दिदी कामबाट आउनासाथ सधैँ कराउन थाल्छिन् । खाटमा उफ्रेर बिस्तारा बिगारेकोमा । उनी कराउँछिन् खाजा खाएको भाँडा नमाझेकोमा । कहिले त यसरी पिट्छिन् मानौँ रुबीले उनको विश्वास तोडी । मलाई उनको रुबीप्रतिको स्वभाव सधैँ अस्वभाविक लागिरह्यो । माखो जस्तो रुबीको गल्तीमा पनि पहाड खसेजसरी आखिर किन रिसाउँछिन् उनी ?

त्यस दिन पनि कोठा बाहिर निस्किएर बुझ्दा थाहा भयो, रुबी आज पनि स्कुल नगई कोठामै बसेकी रहिछ । छोरीलाई स्कुल जानु भनेर काममा गएका आमाबुबाले छोरीलाई स्कुल जानुपर्ने समयमा घरमै देख्दा शायद यस्तै प्रतिक्रिया आउँछ । त्यही भएर पो मीरा दिदी झर्केकी रैछिन् । रुबी स्कुल नगई कोठामै बसेको कुरा खै कसले सुनाइदिएछ उनलाई, उनी त खाना खाने छुट्टीमा कोठामै आइपुगिछन् । उनी भन्दै थिइन्, "यी कब्बो महिन सन्तोष निडि की का ! पहर्ना ओहर्ना एक मन निलगइना खाली हमहन टेनसन खाली । जा चल जा आपन नानीक् घर ।" म बर्दियामा जन्मिएको मान्छे दिदीको कुरा बुझ्न गारो भएन । उनी छोरीलाई यस्तै हो भने मामाघर पठाइदिन्छु भन्दै थिइन् ।

छोरीलाई रीस नमरुन्जेल गाली गरिन् अनि फर्किइन् काममा । आखिर काम नगरे गालीले पेट भरिन्थ्यो क्यारे ! उता छोरीलाई कतै पिटी पो हाल्छे कि भनेर रुबीका बुवाले घरबेटीलाई फोन लगाए । मीरा दिदी फर्किएको कुरा सुनेपछि ढुक्कले फोन काटे ।

मेरो परीक्षा सकिएको साँझ रुबीलाई मेरो कोठामा पढ्न पठाएकी थिइन् उसकी मम्मीले । मसित भने अलि मायालु पल्टेर बोल्थी ऊ । नेपाली भाषा पनि निकै मीठो बोल्न जानेकी छे । तर नेपालीमा पढ्न र लेख्न भने बडो अफ्ठ्यारो पर्थ्यो उसलाई । नेपालका अधिकांश विद्यार्थी जसको पहिलो भाषा नेपाली होइन, ती विद्यार्थीको पहिलो समस्या पाठ्यक्रम होइन भाषा हो । भाषै नबुझिएको बेला विषयवस्तु कसरी बुझ्ने ? उता अंग्रेजीको छुट्टै तनाव । नेपाली मातृभाषा भएका विद्यार्थीले विषयवस्तु पढेर बुझ्दासम्म अरु विद्यार्थी नेपाली उच्चारण र अर्थ बुझ्नमै संघर्ष गरिरहेका हुन्छन् । अनि यिनै फरक पृष्ठभूमिका विद्यार्थीलाई परीक्षाको प्रतिस्पर्धामा उतारिन्छ । हामी कस्तो शिक्षा चाहन्छौँ, भाषा केन्द्रित कि विषयवस्तु केन्द्रित ? सोलार सिस्टम बुझाउन खोजेको कि नेपाली वा अंग्रेजीमै सोलार सिस्टम रटाउन खोजेको हो हामीले यो प्रष्ट हुनुपर्छ ।

रुबी लेख्दा लेख्दै चित्र कोर्न पो थालिछ । भात बसालेर यस्सो हेरेको त ऊ कापी कोरेर बसेकी । "रुबीलाई मामाघर जान मन लायो क्या पढाइ छोडेर !" मैले जिस्कँदै भने । उसले कोर्न छोडेर पुनः लेख्न थाली र सोधी, डिडि टुहिन पता बा ? छुटीमा (सानोमा) बाबाले लिएर आएको थियो हामीलाई मामाघरबाट ।

"ए हो, पहिला खुब मामाघर जान्थ्यौ क्या हो तिमीहरू !" मैले तरकारी काट्दै भनेँ ।

"नाइँ हामी पहिले नानीको घर बस्थ्यौं अनि एकदिन बाबा गएर मम्मी र मलाई घर लगेको हो ।" उसले खुशी हुँदै सुनाउँदै थिई ।

'ए बाबा विदेशमा हुनुहुन्थ्यो होला हैन त्यसैले तिमी मामाघर बसेको हो ?', मैले सामान्य रुपमै सोधेँ ।

"नाई दिदी, मेरो पहिलाको बाबा म सानो हुँदा मरेको अनि मम्मी र मलाई नानाले आफ्नो घरमा राखेको अनि यो बाबा गएर हामीलाई घरमा लगेको !", उसले एक सासमा जवाफ दिई । उसको अप्रत्यासित कुराले म भने अवाक् भएँ । उसको आँखामा हेर्न सकिनँ । हैन होला भनेर भन्न मन थियो तर थप कुरा कोट्याउने आँट भएन । टंक दाइको अनुहार झलझली आँखामा आयो ।

हामीले जुन समाज र प्रवृत्ति भोग्दै/देख्दै आएका छौं त्यसको बाछिटाले मेरो मनोविज्ञानलाई समेत रुबीको कुरा पत्याउन गाह्रो मानिरहेको थियो । मैले देखेको टंक दाइभित्र त यति विधि महासागर रहेछ, यति अथाह प्रेम रहेछ । मैले अर्को कोखबाट जन्मेका सन्तानलाई आफ्नो मानेर निःस्वार्थ प्रेम गरेका आमाहरू देखेको छु । महिलाले महानताको चरम बिन्दु छोएको देखेको छु । तर यूगौंदेखि महिलालाई तल्लो दर्जामा राख्ने परिचय बनाएको पुरुष जातिले महिलामा पनि छोरीसहितको एकल महिला र उसको सन्तानलाई यति प्रेम साथ आफ्नो जीवनमा सजाएको मेरो लागि निकै नौलो तर अत्यन्तै क्रान्तिकारी दृष्य थियो । उनले मीरा दिदीलाई स्वीकार गरेका हुन भनेर उनको प्रेमको, आदर्श चरित्रको कद होचो बनाउन म चाहान्नँ । उनले पुस्तकका आदर्शलाई आफ्नो जिवनमा कोरे अनि यस्तो जीवन्त चित्र बनाए जुन अरुलाई सार्न रहर त लाग्छ तर हुबहु सार्न उच्च कोटीको सोच चाहिन्छ ।

टंक दाइले बिना बन्दुक पितृसत्ता ढालेका रहेछन्, उनले बिना हल्लाखल्ला देखावटी आदर्शवादी विद्वानलाई ठहरै पराजित गरेका रहेछन् । उनले त समाजको एउटा गौण पात्र भएर पनि उच्चस्तरीय दायित्व पूरा गरेका रहेछन् । उनले नारी पुज्नु भनेको के हो बाँचेर देखाएका रहेछन् । टंक दाइ पुरुषार्थ भएका पुरुष रहेछन् । उनले गरेको विद्रोहबारे उनी आफैँलाई थाहा छैन । प्रेम, समानता, मर्यादा सामान्य कुरा हुनुपर्ने हो तर जुन कुराको अभाव हुन्छ, जुन कुराबाट मानिसलाई वञ्चित गराइन्छ, त्यसको आवश्यकता र महत्त्व बढ्छ नै । डेटमा बिर्यानी खुवाएर बिस्तारामा पैसा असुल्ने मनशाय बोक्ने २१ औं शताब्दीमा टंकजस्ता पात्र त्यो झिल्को हुन् जसले आज पनि महिला र पुरुषबीच उहीँ सौहार्द कायम राखेका छन् ।

मलाई एकाएक उनी प्रति सम्मान ह्वात्तै बढेर आयो । आखिर कोही केटा मान्छे यति उदार यति माया गर्ने कसरी हुन सक्छ ? पुरुष प्रतिको मेरो पुर्वाग्रही सोचलाई चुनौती दिएको थियो रुबीको सत्यले ।

टंक दाइले मीरा दिदीलाई यति मन पराए कि मीराकी छोरी रुबीलाई पनि त्यति नै माया, स्नेह र अभिभावकत्व दिन सके । उनले मीरालाई मात्र होइन मीराको ठूलो जिम्मेवारीलाई पनि आफ्नो बनाएका रैछन् । सिनेमामा पुरुषको शारीरिक तन्दुरुस्तीलाई लिएर अनेक पुरुषार्थ देखाइन्छ । तर टंक दाइको पुरुषार्थ मलाई दन्त्य कथाका राजाभन्दा उँचो लाग्यो ।

रुबीलाई हेरें । ऊ फेरि चित्र कोर्न थालिसकेकी थिई । उसको भाग्य देखेर न सन्ताप गर्न सकेँ न खुशी हुन । एकातिर उसले आफ्नो बाबु चिन्न नपाउँदै बाबु अलप भएका थिए । बाबुको तस्वीर आँखामा कैद गर्न नसक्दै बाबु गुमाई । तर भाग्यको चर्खा घुमेर फेरि रुबीको साथमा अडियो । उसले टंकलाई बाबुको रूपमा मात्र पाइन, बाबुबाट पाउने सबै माया, साथ पाएकी छ । कोही मानिस एकैपटक यति अभागी अनि यति भाग्यमानी कसरी हुन सक्छ ? हुन त रुबीको गुमेको सत्यको पूर्ति संसारको कुनै कुराले गर्न सक्दैन तर हरेक रित्तो ठाउँमा नयाँ कुरा प्रवेश गर्छ नै । तर रुबीको जीवनमा बाबुको रूपमा टंक दाइको सुन्दर प्रवेश भयो ।

मीरा दिदी बढी रिसाउनु, छोरीलाई लिएर अलि बढी ससंकित हुनुको कारण मैले बल्ल भेउ पाएँ । मीरा दिदिले आफ्नो होइन टंक दाइको विश्वास नटुटोस् भन्ने चाहेकी रहिछन् । आखिर उनी रुबीकी आमा मात्र नभई टंककी पत्नी पनि हुन् । सम्बन्धको सुमधुर सन्तुलन मिलाउन मीरा पुल हुन् । टंक दाइले जुन माया, साथ, रुबीलाई दिएका छन्, रुबीले त्यसको महत्त्व बुझुन् । उनी रुबीका कारण टंक दाइलाई असहज नहोस् भन्ने चाहन्छिन् शायद । रुबीलाई सधैँ माया प्राप्त होस्, उसलाई टंकले बोझ नसोचुन् भन्ने मीराको ध्येय हुनुपर्छ ।

यस्तै अनेक तर्कना मनमा खेले । रुबीले पानी मागेपछि पो म झसंग भएँ । उसलाई ग्लासमा पानी दिएँ । उसका अबोध आँखा नियालेँ । त्यसमा कुनै डर देखिनँ । न देखें कुनै अभाव । शायद टंक दाइको स्नेहको प्रतिबिम्ब थियो त्यो । रुबीको सत्य जानेर मलाई समाजमा लुकेका तमाम् टंकप्रति अथाह सदभाव जाग्यो जसले मीराहरूलाई सिन्दुर मात्र दिएका छैनन् माया अनि साथ जीवनभरलाई दिएका छन् । टंकहरू रुबीहरूको परिचय मात्र होइन संसार बनेका छन् । यस्ता पात्र लेखिँदैनन् । एउटा एकल महिलाले पाएको माया लेखिँदैन । यो समाज अझै चाहँदैन महिलाले दोस्रो अवसर पाएको हेर्न । तर समाज एकनास रहने संस्था पनि होइन, टंक मानसिकताले समाजलाई पनि आदर्श लेख्न होइन जिउन सिकाउनेछ बिस्तारै ।

कविता

## ऊ घाम भर्छ



सागर फुयाल

ऊ हरेक दिन
रित्तो गाग्री बोकेर
घमाइलो ठाउँमा जान्छ
र भर्छ
कहिले प्रभाती नीला किरण
कहिले मध्याह्नका सेता
किरण
कहिले साँझका सिन्दुरे
किरण ।

नपोखियोस् छचल्किएर प्रकाश
भनी
मखमलले ढाकेर गाग्रीको मुख
ऊ पस्छ उज्यालोको लेस
नभएको आफ्नै घरमा
र खन्याउँछ गाग्री

घाम छरेर उज्यालो पार्न
कोठाहरू
तर सधैँझैँ अँध्यारो गाग्रीबाट
छरिन्छन्, बरू थपिन्छन्
त्यसभित्रका अँधेरीहरू !
कहिले थाहा पाउने होला
उसले
ओसारेर ओसार्न सकिँदैन
बोलाएर आउँदैनन् प्रकाशका
उज्यालाहरू !

कहिले बुझ्ने होला उसले
खोलिदिए पुग्छ बन्द भएका
झ्याल र ढोकाहरू
फोरिदिए पुग्छ भित्ताहरू र
पर्खालहरू
हटाइदिए पुग्छ ढक्कन र
तगाराहरू !
निमेषभर अलमल नगरी
पस्नेछन् आफैँ
उज्यालो बोकेर घामका
किरणहरू
घरका कोठा-कोठामा
मझेरी र चोटामा ।

कविता

## छटपटिने मन उड्छ गगनमा



इन्द्रकुमार श्रेष्ठ सरित्

अशान्त मनले
छटपटीलाई मनमस्तिष्कमा
च्यापेर
शान्तिको एक निद्रा सुत्न
खोज्छ
शान्ति अँध्यारोमा कतै हराउँछ
आनन्द आफ्नै कुनै बहानामा
झन् टाढा झन् टाढा हुन्छ ।

हरपल आकुल-व्याकुल
बनाउँछ मनलाई
छटपटी छोप्न अनुहारमा
पोतेको मुस्कान
खलखली पसिनाले बगाउँछ
व्यर्थैको हाँसो हाँस्न खोज्दा
रुवाइ पो बन्ने हो कि भन्ने

त्रासले
मन झन् छटपटिन
थाल्छ
मस्तिष्क टनटनी दुख्न थाल्छ ।

कहिले घामले खेद्न थाल्छ
कहिले असिनापानीले चुट्न
थाल्छ
बाटोमा पनि काँडाको अवरोध
हुन्छ
फूल टिप्ने अथक प्रयत्न गर्दा
खै किन हो, काँडा मात्र हात
लाग्छ ।

खै केले हो हरदम दरफराउँछ
मनलाई
परिभाषित हुन नसकेको
छटपटीले
मलम खोजेर लाऊँ भन्दा
मस्तिष्क उद्वेलित हुन थाल्छ
किन हुन्छ यो छटपटी ?
मस्तिष्क भकभक किन
उम्लिन्छ ?

## यसरी...

यसरी...

७१ लिटर प्रतिसेकेन्ड पानी आवश्यक रहेकोमा आपूर्ति भने एक सय ५४ लिटर मात्रै रहेको उनी बताउँछन् । उनका अनुसार सुरुमा झुप्रा खोलाबाट मात्रै पानी ल्याइएको थियो । पछि माग बढ्दै गएपछि खरी र बोरी खोलाको पानी झुप्रामा थप गरियो । तर, मागअनुसारको आपूर्ति भने हुन नसकेपछि वीरेन्द्रनगरमा दीर्घकालीन खानेपानीको विकल्प खोजियो ।

त्यही विकल्पस्वरूप २०७३ सालमा भेरी लिफ्टको अवधारणा अघि सारिएको उनी बताउँछन् । उतीबेला संस्थाको साधारणसभाबाट भेरीको पानी लिफ्ट प्रविधिमार्फत वीरेन्द्रनगरमा ल्याउने प्रस्ताव पारित गरिएको थियो । त्यसको झण्डै आठ वर्षपछि आयोजना कार्यान्वयन गएको थियो । दुई वर्षभित्र निर्माण सम्पन्न गर्नेगरी अघि बढाइएको आयोजनाबाट ल्याइने भेरीको पाँच सय ६० लिटर प्रतिसेकेन्ड र अहिले आपूर्ति भइरहेको एक सय ५४ लिटर प्रतिसेकेन्ड पानीले वीरेन्द्रनगरमा सन् २०५० सम्म वृद्धि हुनसक्ने जनसंख्याको आवश्यकता धान्ने उनी बताउँछन् ।

## पहिलो...

पहिलो...

पहिलो प्याकेजअन्तर्गत अमृतडाँडाबाट वीरेन्द्रनगर उपत्यकाका चार स्थानमा निर्माण हुने पानी वितरण ट्याङ्कीसम्म विस्तार गरिने पाइपलाइन बिछ्याउने कार्य जारी छ । उनका अनुसार ३५ किलोमिटरमध्ये हालसम्म २८ किलोमिटर पाइप बिछ्याउने कार्य सम्पन्न भएको छ ।

'हालसम्म आयोजनाले ३० प्रतिशत भौतिक प्रगति गरेको छ,' उनले भने, ' पहिलो प्याकेजअन्तर्गतका कामले गति लिएका छन् । बीचमा कुनै प्राविधिक वा स्थानीयस्तरमा समस्या नआए दुई वर्षभित्र भेरीको पानी उपत्यकामा आउँछ ।' उनका अुसार पहिलो प्याकेज तीन अर्ब ५० करोड आठ लाख रुपैयाँ लागतमा सम्झौता भई काम अघि बढेको थियो ।

दोस्रो प्याकेजअन्तर्गत प्रत्येक घरधुरीमा पाइप सञ्जाल विस्तार, धारा जडान र आयोजना सञ्चालन र व्यवस्थापन प्रणाली निर्माणका लागि ग्लोबल टेन्डर आह्वान भई आएका ठेक्का निवेदन मूल्यांकनको चरणमा रहेको वीरेन्द्रनगर नगरपालिकाका नगर प्रमुख मोहनमा ढकालले बताइन । उनले निर्धारित समयमा आयोजनालाई पूर्णता दिनेगरी काम अघि बढिरहेको बताइन ।

कविता

## जब अभिमान चुलिन्छ



डा. श्यामप्रसाद न्यौपाने

जब अभिमान चुलिन्छ
संसारबाट डाइनोसर
हराएझैँ
विवेक हराएर जान्छ
व्यक्तिले आफूलाई
सिकन्दर ठान्छ
रचेर आतङ्क
सन्त्रासको भयाक्रान्त
संसारमा
सबैलाई घचेड्छ

जब अभिमान चुलिन्छ
व्यक्ति हिटलर बन्छ र
विमतिलाई 'ग्यास
च्याम्बर'मा थुन्छ
मुसोलिनी बन्छ र
'ब्ल्याक सर्ट' गठन गरेर
फरक मतावलम्बीको सातो
काढ्छ
दुर्योधन बन्छ र सत्ताको
दर्पमा
आफ्नै वंश विनाश गर्न
'कुरुक्षेत्र' रच्छ
सपरमुरात नियाजोभ बन्छ र
देशवासीलाई
आफूलाई 'भगवान्' मान्न
कर गर्छ

जब अभिमान चुलिँदै
जान्छ
तैमुरलङ्ग बन्छ, हरेक व्यक्ति
गगनचुम्बी आलिसान
महलको
विराजमान भएर, नरम
सिंहासनमा
मानवता खेलेको सुन्दर
बस्ती
आदेश दिन्छ, ध्वंस गर्न
बनेर 'हर्ट अफ डार्कनेस'को
'कर्ट्ज'
मख्ख हुन्छ
छटपटाएको देखेर, पीडाले
अबोध बालबालिकाहरू

जब अभिमान चुलिन्छ
मान्छे आफूलाई सगरमाथा
सम्झन्छ
अरूलाई केचनाकवल

जब अभिमान चुलिन्छ
करुणा मर्छ
हार्दिकता सुक्छ र
मानवता सिद्धिन्छ
तब रुच्दैन, विनाशबाहेक
केही पनि


# सुरक्षित खानाको लागि पाँच सन्देश



१. सरसफाई राख्ने
- खाना छुँदा र खाना बनाउँदा सफा हुनेगरी हात धुने ।
- चर्पी गइसकेपछि साबुन पानीले हात धुने ।
- खाना बनाउँदा प्रयोग गरिने सामग्रीहरु सफा हुनेगरी धुने ।
- भान्सा र खानेकुरामा किरा, मुसा तथा अन्य जीव छिर्न नदिने ।

२. स्वच्छ पानी र खाद्यवस्तु मात्र प्रयोग गर्ने
- स्वच्छ पानी प्रयोग गर्ने तथा प्रशोधन गरी सुरक्षित बनाउने ।
- ताजा र पौष्टिक खाद्यवस्तुहरु प्रयोग गर्ने र खाने बानी बसाल्ने ।
- प्रशोधन गरी सुरक्षित गरिएका पाश्चराइज्ड दूध जस्ता खाद्यवस्तु सेवन गर्ने ।
- फलफूल तथा तरकारी जस्ता नपकाई खाने खानालाई सफा र स्वच्छ पानीले धुने ।
- उपभोग्य मिति नाघिसकेका खानेकुराहरु नखाने ।






३. राम्ररी पकाउने
- माछा, मासु तथा अण्डा जस्ता खानेकुरालाई राम्ररी पकाउने ।
- तरकारी, सुप तथा अन्य पेय खाद्यवस्तुहरुलाई ७०°से.तापक्रम भन्दा बढी (बाफ आउने गरी) तताउने ।
- माछा, मासुलाई राम्ररी पाक्ने गरी पकाउने ।
- खानालाई राम्ररी तताएर मात्र खाने ।

४. पकाएको र नपकाएको खाद्यवस्तुहरुलाई छुट्टाछुट्टै राख्ने
- नपकाएको माछा तथा मासु जस्ता खाद्यवस्तुहरुलाई छुट्टाछुट्टै राख्ने ।
- नपकाएका खानेकुराका निम्ती प्रयोग गरिने चक्कु, चपिङबोर्ड जस्ता सामग्रीहरु छुट्टाछुट्टै प्रयोग गर्ने ।
- पकाएको र नपकाएको खाद्यवस्तुहरुलाई नमिसिनेगरी छुट्टाछुट्टै भाँडामा राख्ने ।






५. खानालाई सुरक्षित तापक्रममा राखी संरक्षण गर्ने
- सामान्य तापक्रममा खानालाई दुई घण्टा भन्दा बढी नराख्ने ।
- पकाएको तथा चाँडै बिग्रने खानालाई कम तापक्रममा रेफ्रिजेरेटरमा (५°से.भन्दा कम) राख्ने ।
- तातो अवस्थामा खाना भण्डारण गर्नु परेमा ६०°से.भन्दा तातोमा (बाफ नसेलाउने गरी) राख्ने ।
- रेफ्रिजेरेटरमा समेत खानालाई लामो समयसम्म नराख्ने ।
- चिसोमा राखेको खानालाई तत्काल नै तताएर उपभोग गर्ने र फेरि सामान्य तापक्रममा नराख्ने ।

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय
सुर्खेत

फोन नं: ०८३-५२२५३०, ९८५८०७२५३०
इमेल: ftqcosurkhet@gmail.com

# किशोर-किशोरीलाई कुलतबाट जोगाउन विद्यालय स्वास्थ्य अभियान

**युग संवाददाता**
**हुम्ला, १९ असार ।**

पछिल्लो समय नेपालमा किशोर-किशोरी उमेर समूहमा लागुऔषध दुर्व्यसन, लैङ्गिक हिंसा, आत्महत्या तथा सामाजिक सञ्जालको दुरुपयोगका घटनामा वृद्धि हुँदै गएपछि हुम्लामा विद्यालयस्तरबाटै सचेतना फैलाउने अभियान सुरु गरिएको छ ।

यही उद्देश्यलाई आत्मसात् गर्दै जिल्ला स्वास्थ्य सेवा कार्यालय, हुम्लाअन्तर्गतको वन स्टप क्राइसिस म्यानेजमेन्ट सेन्टरको आयोजनामा खार्पुनाथ गाउँपालिका-५ मान्धारा माध्यमिक विद्यालयमा विद्यालय स्वास्थ्य अभियान सञ्चालन गरिएको छ । उक्त अभियानमा मान्धारा माध्यमिक विद्यालयमा कक्षा ८, ९ र १० मा अध्ययनरत ६७ किशोर-किशोरी सहभागी छन् ।



कार्यक्रममा विद्यार्थीलाई विद्यालय शिक्षा मात्र नभई जीवनमा आइपर्ने सामाजिक तथा मानसिक चुनौतीसँग कसरी जुध्ने भन्ने विषयमा व्यवहारिक ज्ञान प्रदान गरिएको थियो । जिल्ला स्वास्थ्य सेवा कार्यालयका प्रमुख डा उमाकान्त तिवारीले किशोरावस्था जीवनको संवेदनशील चरण भएकाले यही उमेरमा सही मार्गदर्शन आवश्यक पर्ने बताए ।

उनले लैङ्गिक हिंसाका विभिन्न स्वरूप, त्यसबाट बच्ने उपाय, किशोर-किशोरीका अधिकार तथा हिंसाको सामना गर्नुपरेमा कानुनी र संस्थागत सहयोग कसरी लिन सकिन्छ भन्ने विषयमा प्रशिक्षण दिएका थिए ।

उनले भने, “हिंसा सहेर बस्नु समाधान होइन । हिंसाविरुद्ध बोल्न सक्ने साहस र सही निकायमा पुग्ने जानकारी प्रत्येक किशोर-किशोरीसँग हुनुपर्छ ।” प्रहरी सहायक निरीक्षक शोभा गिरीले लागुऔषध दुर्व्यसनका कारण हुने स्वास्थ्य, शिक्षा, परिवार र समाजमा पर्ने नकारात्मक असरबारे जानकारी गराउँदै किशोरावस्थामा गलत सङ्गत र क्षणिक रहरले जीवनभर पछुताउनुपर्ने अवस्था सिर्जना हुनसक्ने बताए । लागुऔषधको प्रयोगले व्यक्तिको भविष्य मात्र नभई परिवार र समाजलाई गम्भीर असर पार्ने भएकाले त्यसबाट टाढा रहन उनले विद्यार्थीलाई आग्रह गरे ।

कार्यक्रममा सामाजिक सञ्जालको दुरुपयोगबाट हुने साइबर बुलिङ, अनलाइन ठगी, गलत सूचना, अश्लील सामग्रीको लत तथा यसको अध्ययन, व्यवहार र मानसिक स्वास्थ्यमा पर्ने असरबारे समेत विस्तृत जानकारी दिइएको थियो । सहभागी विद्यार्थीलाई सामाजिक सञ्जालको जिम्मेवार र सुरक्षित प्रयोग गर्न प्रमुख डा तिवारीले आग्रह गरे ।

कार्यक्रममा सहभागी रेडियो कैलाशका निर्देशक जनकबहादुर शाहीले पछिल्लो समय १४ देखि २० वर्ष उमेर समूहका किशोर-किशोरी कुलत, हिंसा तथा विभिन्न सामाजिक जोखिमतर्फ आकर्षित हुने प्रवृत्ति बढ्दै गएकाले विद्यालयमै पुगेर यस्ता सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको बताए । उनले विद्यालयस्तरबाटै सही ज्ञान, सकारात्मक सोच र जीवन उपयोगी सीप विकास गर्न सके भविष्यमा कुलत, हिंसा र आत्महत्याजस्ता समस्यालाई उल्लेखनीय रूपमा कम गर्न सकिने विश्वास व्यक्त गरे ।

कार्यक्रममा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्वास्थ्यकर्मी, सञ्चारकर्मी, विद्यालयका शिक्षक तथा विद्यार्थीहरूको सक्रिय सहभागिता रहेको थियो । प्रशिक्षणपछि विद्यार्थीहरूले आफूले प्राप्त गरेको ज्ञानलाई साथीभाइ, परिवार र समुदायसम्म पुऱ्याई कुलत, हिंसा र आत्महत्याविरुद्ध सचेतना फैलाउने प्रतिबद्धता जनाएका थिए ।

## घुयँत्रो

# “बिरसिक्का”

सरकार प्रदेशको बोझ साह्रै गरुङ्गो भो ! यल्लाई खारेज गर्दै स्थानीय निकायको बनोटमा नि हेरफेर गरिनु पर्छ र राज्यलाई आर्थिक भार कम गर्नुपर्छ भनेर यसका लागि आफ्ना पाटिका कार्यकर्तालाई तयार रहन उर्दी गर्दैछ । यै मौकाँ सबैजसो प्रदेशका नेताहरु यौटा न यौटा बखेडा थापेर प्रदेशसभाको काम कार्बाहिलाई अस्थिर बनाई रहेका छन । यतिसम्म कि कर्नालिको प्रदेश सभाँत मुक्का हाना हान र मान्छे तानातान गरेर अर्थ मन्त्री लाई रोष्टममा जानै दिएनन । केहि दिन अघि देखिनै बजेटबाँडफाँडको विषयलाई लिएर माओवादिहरु प्रदेश सभामा सामाजिक मन्त्रीमाथि खनिएका थिए । उनिहरुको त्यो प्रस्तुति देखिनै माओवादिहरु वजेट पास गर्न दिने पक्षमा छैनन भन्ने अनुमान गर्ने अबस्था आएको थियो भने मुख्यमन्त्रीले समेत माओवादिको त्यो कथित विरोधको भित्री रुपमा समर्थन गरेका थिए । कर्नालिमा विगतमा एमाले र काँग्रेसको गठबन्धनमा सरकार बनेको र आधाआधा सरकार चलाउने सहमति भएपनि चुनाब पछि काँग्रेस पाटिभित्र ठूलो संघर्ष भएको र फलत काँग्रेस दुई गुठमा बाँडिएकाले एमालेले पनि सहमति अनुसार काँग्रेसलाई सरकार बनाउन बाटो नदिएर बरु उल्टै माओवादिसित मिलेर सरकार बनाउने संकेत दिएकाले एमाले माओवादि मिलेर काँग्रेसलाई हैरान गरेका छन त्यसकै परिणाम स्वरुप ऐले कर्नालि प्रदेश सभा रणमैदानमा परित भएकोछ र सामाजिक सन्जाल हेर्दानी .......... लाई भन्दानि देख्नेलाई लाज भन्या जस्तो भै राछ । चुनाबमा पुराना दललाई चरनाम नाङ्गो हुने गरि सदनबाट लखेटेपछि पनि पुराना दलहरुमा अँझैपनि आँखा खुलेका छैनन । पुरानै ढर्रा र हठमा बाँधिएका पुराना दलहरु आँफुलाई सुधार्ने बाटोमा नलागेपछि अब स्थानीय निर्वाचनमा पनि रास्वपाले ८० प्रतिसत भन्दा वढि सिट लैजान सक्ने आँकलन जनताबिचमा भै रहँदा एमाले काँग्रेस र माओवादिको लडाईंले जनताले गरेको अनुमानलाई अँझ बलपुर्याई रहेकोछ । प्रदेशमा छुट्याएको बजेट ३५ प्रतिसत सम्मनि खर्च गर्न नसक्ने तर प्रदेश सभाको वजेटमाथिको छलफल र बजेट बाँफाँडमा सधैभरि झगडा गरि राख्ने कर्नालि प्रदेशका सभासदहरुको चरित्र देखेर अब त जनतानि आजित भै सकेका छन । कर्नालिका योजनाहरु पूरा गराउन समयमै ठेक्का पट्टा र ठेकेदारलाई काम गर्ने वातावरण सृजना गर्नुको सट्टा उनिहरुलाई तर्साएर भरसक ठेक्कै हाल्न नदिने ठेक्का हालिनै हालेछन भनेनि काम गर्न उत्साहित नगराउने प्रवृतिले गर्दा कर्नालिमा ठेक्काका कामहरु हुन सक्ने स्थितिमै देखिँदैनन । प्रदेशसभाका सदस्यहरुको उदाङ्गो चरित्रले गर्दा यो प्रदेशमा काम गर्न न बाहिरको मान्छे काम गर्न आउन मान्छ न कर्नालिकै मान्छे हरु काम गर्दछ । प्रदेश सभामा सदस्यहरुले यस्तै चरित्र देखाउँदै गए भने बालेन सरकार जसरि प्रदेश सरकार खारेज गर्न अघि बढि रहेकोछ त्यसैगरि प्रदेश सरकार खारेज गर्न सरकारलाई बलमिल्ने सम्भाबना देखिन्छ । त्यसैले प्रदेशसभाका सदस्य ज्युहरु तपाईंहरु सभामा रास्वपाको प्रतिनिधित्व नभएकै कारण जुन तरिकाले आपसमालभिडन्त निम्त्याई रहनु भएकोछ र आउने चुनाबका लागि आआफ्नो निर्वाचन क्षेत्रमा बजेट छुट्याएर स्थानिय चुनाब जित्ने र त्यसकै आडमा फेरिपनि चुनाब जित्ने जुन सपना देख्दै हुनु हुन्छ त्यो सबै निरर्थक हो । जनता तपाईंलाई फेरि दोहर्याएर मत दिनै तयार छैनन् । तपाईंले चुनाब जितेर ५ बर्षमा के गर्नु भयो र ? त्यसैले जनताले अब न तपाईंलाई भोट दिन्छन न तपाईंको पाटिलाई ? त्यसैले सभामा तमाशा बन्ने र तमाशा देखाउन उध्दत नबनौं । नेताहरुमा चेतना भया !

# कर्णाली सरकारले माग्यो गृह मन्त्रालयसँग सहयोग

**युग संवाददाता**
**सुर्खेत, १९ असार ।**

कर्णाली प्रदेश सरकारले कर्णाली नदीमा खसेको फोर्स गाडीको खोजि कार्यका लागि गृह मन्त्रालयसँग थप सहयोग र समन्वय गरिदिन अनुरोध गरको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गृह मन्त्रालयलाई पत्र लेख्दै बुधबार सुर्खेतबाट कालीकोटतर्फ जाँदै गरेको क.प्र.०२-००१ ख १०५५ नम्बरको फोर्स दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिका-७ स्थित कर्णाली राजमार्गको साङ्गेतडा क्षेत्रमा कर्णाली नदीमा खसेको जानकारी गराएको छ ।

दुर्घटना पश्चात नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा स्थानीय बासिन्दाको टोली तत्काल घटनास्थलमा परिचालन भई खोज तथा उद्धार कार्य सुरु गरिएको जनाइएको छ । हालसम्म एक जना यात्रुको शव फेला परेको उल्लेख गर्दै प्रदेश सरकारले दुर्घटनाग्रस्त सवारीसाधन र त्यसमा सवार अन्य यात्रुको अवस्था अझै अज्ञात रहेको



जनाएको छ ।

घटनास्थलमा खटिएको जनशक्ति प्रयाप्त नभएपछि खोज तथा उद्धार कार्यलाई तीव्र बनाउन थप सहयोग तथा आवश्यक समन्वय गरिदिन प्रदेश सरकारले गृह मन्त्रालयसँग अनुरोध गरेको छ ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा श्री राम प्रकाश बुढा धनि रहेको, दर्ता नम्बर ३२३५/०७३/०७४ बाट राकम-०६, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको दुर्गा कृषि पशुपंक्षी तथा फर्म नामको प्राइभेट उद्योग हाम्रो घरायसी कारणले खारेजी गर्न'पर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैत्तिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंगलिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: न ९८४८०७६८५६ (डी.बी. राना)







**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।